# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) विराटनगर, नेपाल, आश्विन १८ गते, २०७७ साल (अतिरिक्ताङ्क २६

## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

## प्रदेश प्रशिक्षण केन्द्र (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०७७

<u>प्रस्तावना</u>ः प्रदेश तथा स्थानीय तहलाई सबल र सक्षम बनाउन प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय तहका पदाधिकारी, प्रदेश सरकारका निकाय, समिति, प्राधिकरण लगायतका सरकारी कर्मचारी र प्रदेश भित्रका स्थानीय तहका सेवामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न र आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश स्वायत्त संस्था गठन ऐन, २०७६ को दफा १० ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरुको नाम **"प्रदेश प्रशिक्षण केन्द्र (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०७७"** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"कर्मचारी"** भन्नाले प्रदेश सरकार, प्रदेशस्तरका आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्राधिकरण, प्रदेश सरकारका मन्त्रालय तथा मातहत रहेका निर्देशनालय, डिभिजन कार्यालय, सव-डिभिजन कार्यालय, केन्द्र, ईकाइ, समिति यस्तै अन्य कार्यालय र प्रदेश भित्रका स्थानीय तहको सेवामा कार्यरत कर्मचारी तथा जिल्ला समन्वय समितिमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ख) **"कार्यकारी निर्देशक"** भन्नाले नियम १३ बमोजिम नियुक्त भएको प्रशिक्षण केन्द्रको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ग) **"कार्यान्वयन समिति"** भन्नाले नियम ११ बमोजिमको प्रदेश प्रशिक्षण केन्द्रको कार्यान्वयन समिति सम्झनु पर्छ ।

(घ) **"कार्यालय"** भन्नाले प्रदेश प्रमुखको कार्यालय, प्रदेश सरकारको मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेशस्तरका आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्राधिकरण, प्रदेश सरकारका मन्त्रालय तथा मातहत रहेका निर्देशनालय, डिभिजन कार्यालय, सव-डिभिजन कार्यालय, केन्द्र, ईकाइ, समिति यस्तै अन्य कार्यालय सम्झनु पर्नेछ र सो शब्दले स्थानीय तहका कार्यालय समेतलाई जनाउँछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ङ) **"केन्द्र"** भन्नाले नियम ३ बमोजिम स्थापित प्रदेश प्रशिक्षण केन्द्र सम्झनु पर्छ ।

(च) **"प्रचलित कानून"** भन्नाले नेपाल सरकार वा प्रदेश सरकारले जारी गरेको कानून सम्झनु पर्छ ।

(छ) **"सञ्चालक समिति"** भन्नाले नियम ७ बमोजिमको प्रशिक्षण केन्द्र सञ्चालक समिति सम्झनु पर्छ ।

(ज) **"स्थानीय तह"** भन्नाले प्रदेशमा रहेका गाउँपालिका र नगरपालिका सम्झनु पर्छ साथै सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेत लाई जनाउँछ।

## परिच्छेद-२
## केन्द्रको स्थापना, उद्देश्य र नीति

३. **प्रशिक्षण केन्द्रको स्थापना:** (१) प्रदेश सरकार, प्रदेशस्तरका आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्राधिकरण, प्रदेश सरकारका मन्त्रालय तथा मातहत रहेका निर्देशनालय, डिभिजन कार्यालय, सब-डिभिजन कार्यालय, केन्द्र, ईकाइका कर्मचारी, प्रदेश भित्रका जिल्ला समन्वय समिति र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि एवम् संस्थागत क्षमता वृद्धिका लागि आवश्यक तालिम र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न प्रदेश प्रशिक्षण केन्द्रको स्थापना गरिएको छ।

(२) उपनियम (१) बमोजिम स्थापना भएको केन्द्र प्रदेश र स्थानीय तहको क्षमता विकास सम्बन्धी कार्य गर्ने स्वायत्त संस्था रहनेछ।

(३) नेपाल सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण भई आएको साविक ग्रामीण विकास प्रशिक्षण केन्द्र, कलवलगुरी झापाको भवन, तालिम हल, प्रशिक्षार्थी आवास गृह, चमेना गृह, खेल मैदान,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

फर्निचर, कार्यालय, उपकरण, सवारीसाधन लगायतका मालसामान र संरचना केन्द्रले उपयोग र संरक्षण गर्नेछ ।

(४) प्रशिक्षण केन्द्रको केन्द्रीय कार्यालय झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. १० स्थित कलवलगुरीमा रहने छ ।

४. **प्रशिक्षण केन्द्र सङ्गठित संस्था हुने:** (१) प्रशिक्षण केन्द्र एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था हुनेछ।

(२) केन्द्रको सञ्चालक समितिले तोके बमोजिमको आफ्नो एउटा छुट्टै लेटर प्याड, प्रतिक चिन्ह (लोगो) र छाप हुनेछ।

(३) केन्द्रले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा अन्य कुनै किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) केन्द्रले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र केन्द्र उपर व्यक्ति सरह नालिस उजुर लाग्न सक्नेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रशिक्षण केन्द्रको आफ्नो कार्य सञ्चालन र व्यवस्थापन यो नियमावलीद्वारा व्यवस्थित कार्य प्रणाली बमोजिम हुनेछ।

५. **प्रशिक्षण सम्बन्धी नीति:** केन्द्रबाट सञ्चालन गरिने प्रशिक्षण सम्बन्धी नीति देहाय बमोजिम हुनेछ:

(क) प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आबद्ध गर्ने ।

(ख) प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक निकायमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीको व्यवसायिक ज्ञान, सिप र क्षमता वृद्धि गर्ने।

(ग) प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र स्थानीय तहको विकास कार्यक्रमसँग आबद्ध गर्ने।

(घ) प्रशिक्षणलाई कर्मचारीको वृत्ति विकाससँग आबद्ध गर्ने।

(ङ) प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक निकायको संस्थागत क्षमता अभिवृद्धि गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं १

६. **<u>प्रशिक्षण केन्द्रको काम, कर्तव्य र अधिकार</u>:** प्रशिक्षण केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) प्रदेश सरकार तथा स्थानीय तहका पदाधिकारी र कर्मचारीको व्यवसायिक ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्न जनप्रतिनिधि तथा कर्मचारीलाई प्रदान गरिने तालिमको आवश्यकताको आँकलन गर्ने र तालिम, प्रशिक्षणको व्यवस्था गर्ने,

(ख) प्रदेशको विकास कार्यक्रममा सघाउ पुऱ्याउन प्रदेश सरकार तथा स्थानीय तहको प्रशासन र सार्वजनिक निकायको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी वनाउन र संस्थागत क्षमता अभिवृद्धिका लागि आवश्यक कार्य गर्ने,

(ग) प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(घ) सङ्घ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापनका विषयमा अध्ययन अनुसन्धान गर्ने,

(ङ) प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको लागि तालीम, गोष्ठी, अन्तरक्रिया, अनुभव आदान-प्रदान कार्यक्रम सञ्चालन गर्ने,

(च) प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कर्मचारीको लागि सेवाकालीन तालीम सञ्चालन गर्ने,

(छ) प्रदेश सरकार तथा स्थानीय तहको संस्थागत क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र तथा गैर सरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने,

(ज) सार्वजनिक नीति, शासकीय प्रबन्ध, व्यवस्थापन र विकास लगायतका विषयमा खोजमूलक तथा अनुसन्धानमूलक कार्य गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(झ) आफ्नो सेवा क्षेत्र भित्रको विज्ञताको विषयमा प्रदेश सरकारका कार्यालय र स्थानीय तहहरुलाई परामर्श सेवा उपलब्ध गराउने,

(ञ) आफ्नो सेवा क्षेत्र भित्रको क्षमता विकास सम्बन्धी कार्यक्रमको मूल्याङ्कन गर्ने,

(ट) प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद-३

## प्रशिक्षण केन्द्र सञ्चालक समिति गठन, काम, कर्तव्य, अधिकार र सेवा सुविधा

७. सञ्चालक समितिः (१) प्रशिक्षण केन्द्र सञ्चालन एवम् व्यवस्थापन गर्न केन्द्रको सर्वोच्च निकायको रुपमा देहाय बमोजिमको एक प्रशिक्षण केन्द्र सञ्चालक समिति रहनेछः

(क) मुख्य मन्त्री - अध्यक्ष

(ख) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) जिल्ला समन्वय समिति महासङ्घको प्रदेश स्तरीय समितिको प्रमुख - सदस्य

(ङ) नेपाल नगरपालिका सङ्घको प्रदेश स्तरीय समितिको प्रमुख - सदस्य

(च) गाउँपालिका राष्ट्रिय महासङ्घको प्रदेश स्तरीय समितिको प्रमुख - सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(छ) मुख्यमन्त्रीले मनोनय गरेको प्रदेश भित्रका विश्वविद्यालयहरुको कम्तीमा सहप्राध्यापक वा निजामती सेवाबाट अवकाश प्राप्त कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी वा निजामति सेवाको एघारौं तहको अधिकृत वा प्रशासन क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको प्रशासन विज्ञमध्येबाट एक महिला सहित दुई जना - सदस्य

(ज) कार्यकारी निर्देशक, प्रदेश प्रशिक्षण केन्द्र, प्रदेश नं. १ - सदस्य

(झ) सचिव, शासकीय सुधार महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १ -सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (छ) बमोजिम समितिमा मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

८. <u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकार</u>: प्रशिक्षण केन्द्र सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) केन्द्र सञ्चालनका लागि आवश्यक नीति तर्जुमा गर्ने,

(ख) केन्द्र सञ्चालनका लागि आवश्यक व्यवस्थापकीय मार्गदर्शन दिने,

(ग) केन्द्रका लागि आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड स्वीकृत गर्ने,

(घ) केन्द्रको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ङ) केन्द्र र विभिन्न निकायबिच सहकार्यका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(च) केन्द्रको सङ्गठन संरचना स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गर्ने,

(छ) केन्द्रमा कार्यरत कर्मचारीको सेवा सुविधा सम्बन्धी कानून स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेश गर्ने,

(ज) केन्द्रले सञ्चालन गरेका कार्यक्रमको समिक्षा गरी सुधारको लागि मार्गनिर्देश गर्ने,

(झ) प्रदेश सरकारले केन्द्रले गर्नुपर्ने भनि समय-समयमा तोकेका विषयहरुको नीति तय गर्ने ।

९. <u>सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्थाः</u> (१) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(२) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(३) बैठक वर्षमा कम्तिमा दुइ पटक बस्नेछ ।

(४) तत्काल कायम रहेको सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको गणपुरक सङ्ख्या मानिने छ र बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले आवश्यक ठानेमा कुनै विषयको विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ। तर त्यस्तो आमन्त्रित सदस्यलाई समितिको बैठकमा मताधिकारको अधिकार हुने छैन।

१०. <u>सदस्यको सेवा सुविधा सम्बन्धी व्यवस्थाः</u> (१) नियम ७ को उपनियम (१) को खण्ड (ज) बमोजिम मनोनित सदस्य समेतलाई केन्द्रको बैठकमा उपस्थिति भई छलफलमा भाग लिन र निर्णयमा सहभागी हुन पाउने अधिकार हुनेछ ।

(२) नियम ७ को उपनियम (१) बमोजिमका सदस्यले केन्द्रको बैठकमा उपस्थित भएको दिनको प्रदेश कानून बमोजिमको बैठक भत्ता प्राप्त गर्नेछन् ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) नियम ७ को उपनियम (१) बमोजिमको सदस्यलाई केन्द्रको बैठकमा उपस्थित भएको दिनको यातायात खर्च बापतको रकम वा इन्धन खर्चको बिल बमोजिमको रकम र दैनिक भ्रमण भत्ता प्रचलित कानून बमोजिम उपलब्ध गराईनेछ।

११. <u>कार्यान्वयन समितिः</u> (१) केन्द्रको स्वीकृत कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक निर्देशन दिन तथा केन्द्रको नियमित कार्यको सुपरिवेक्षण तथा आवश्यक पृष्ठपोषण दिन देहाय बमोजिमको एक कार्यान्वयन समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | प्रमुख सचिव | - संयोजक |
| (ख) | सचिव, शासकीय सुधार महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १ | - सदस्य |
| (ग) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (घ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, सामाजिक विकास मन्त्रालय | - सदस्य |
| (च) | कार्यकारी निर्देशक | - सदस्य सचिव |

(२) उपनियम (१) अनुसार गठित कार्यान्वयन तथा व्यवस्थापन समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा चौमासिक तथा आवश्यकता अनुसार बस्नेछ ।

(३) तत्काल कायम रहेको सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको गणपुरक सङ्ख्या मानिने छ र बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(४) समितिले नियम १२ को उपनियम (१) को खण्ड (ड) बमोजिम केन्द्रको पाठ्यक्रम तर्जुमा वा परिमार्जन गर्नु पर्ने भएमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(५) कार्यान्वयन समितिका सदस्यले समितिको बैठक बसेको दिनको नियम १० को उपनियम (२) र (३) बमोजिमको बैठक भत्ता र यातायात खर्च बापतको रकम वा इन्धन खर्चको विल बमोजिमको रकम तथा दैनिक भ्रमण भत्ता पाउनेछन् ।

१२. <u>कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः</u> (१) कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) केन्द्र सञ्चालनका लागि आवश्यक व्यवस्थापकीय निर्देशन दिने,

(ख) सञ्चालक समितिले गरेको निर्णयको कार्यान्वयनको लागि कार्यसम्पादन कार्य योजना स्वीकृत गर्ने,

(ग) अध्ययन अनुसन्धान तथा खोज सम्बन्धी कार्ययोजना स्वीकृत गर्ने,

(घ) प्रदेश सरकार र स्थानीय तहका कर्मचारीलाई दिईने तालिम प्रशिक्षण कार्यक्रमको कार्ययोजना तयार गरी स्वीकृत गर्ने,

(ङ) तालिम प्रशिक्षण सम्बन्धी वार्षिक क्यालेण्डर स्वीकृत गर्ने,

(च) वार्षिक रुपमा तालिम वा प्रशिक्षण दिईने प्रदेश सरकार र स्थानीय तहका कर्मचारीको सङ्ख्या निर्धारण गर्ने,

(छ) केन्द्रको कार्य प्रभावकारिताका लागि सङ्घीय सरकार, प्रदेश र स्थानीय तहका विभिन्न निकायहरुबिच सहकार्य गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ज) अध्ययन अनुसन्धान वा परामर्श सेवा सम्बन्धी नीति र कार्ययोजना स्वीकृत गर्ने,

(झ) केन्द्रको दीर्घकालिन योजना तयार गरी स्वीकृत गर्ने,

(ञ) केन्द्रको सङ्गठन संरचना तयार गरी सञ्चालक समिति समक्ष पेश गर्ने,

(ट) केन्द्रको वार्षिक बजेट तथा कार्यक्रम सञ्चालक समिति समक्ष सिफारिश गर्ने,

(ठ) केन्द्रले सञ्चालन गरेका कार्यक्रमहरुको अनुगमन गरि आवश्यक सुझाव तथा मार्ग निर्देशन गर्ने,

(ड) कर्मचारीको क्षमता विकास सम्बन्धी कार्यक्रमको पाठ्यक्रम, प्रशिक्षण विषयवस्तु स्वीकृत गर्ने,

(ढ) केन्द्रले सञ्चालन गर्ने क्षमता विकास सम्बन्धी कार्यक्रमको सिकाई उपलब्धीको मूल्याङ्कन ढाँचा स्वीकृत गर्ने,

(ण) सञ्चालक समितिले निर्देशित गरेका तथा प्रत्यायोजन गरेका अन्य कार्यहरु गर्ने, गराउने।

(२) उपनियम (१) को खण्ड (ड) बमोजिम पाठ्यक्रम तयार वा परिमार्जन गर्दा स्थानीय विकास प्रशिक्षण केन्द्रबाट स्वीकृत गरिएका पाठ्यक्रम तथा तालिम सामाग्रीहरुलाई केन्द्रले आफ्नो पाठ्यक्रममा समावेश गर्न उपयुक्त ठानेमा सो विषयलाई समेत समावेश गर्न सक्नेछ।

## परिच्छेद-४
## कार्यकारी निर्देशक र केन्द्रका कर्मचारीको सेवा शर्त सम्बन्धी व्यवस्था

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१३. **कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था:** (१) प्रशिक्षण केन्द्रमा पूर्णकालिन रुपमा प्रशासकीय काम गर्न एक कार्यकारी निर्देशक रहनेछ ।

(२) प्रदेश सरकारले देहायको योग्यता भएको व्यक्तिलाई उपनियम (३) बमोजिमको समितिको सिफारीसमा कार्यकारी निर्देशकमा नियूक्ती गर्नेछ:

(क) नेपाली नागरिक,

(ख) पैंतिस वर्ष पूरा भै साठ्ठी वर्ष उमेर ननाघेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरी विज्ञान प्रविधि, कानून, व्यवस्थापन, जनप्रशासन वा समाजशास्त्रको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,

(घ) नेपाल सरकारवादी कुनै पनि फौजदारी मुद्दा कुनै पनि अदालतमा नचलेको वा फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको,

(ङ) कालो सूचिमा नपरेको वा त्यस्तो कालो सूचिमा परेको भए सफाई पाएको ।

(३) उपनियम (२) बमोजिमको योग्यता पुगेका व्यक्तिहरुबाट कार्यकारी निर्देशक नियुक्तिको लागि उम्मेदवारको सिफारिस गर्न देहाय बमोजिमको छनोट तथा सिफारिस समिति रहनेछ:

(क) प्रमुख सचिव, मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय -संयोजक

(ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(ग) प्रमुख सचिवले तोकेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एक जना सचिव -सदस्य सचिव

(४) उपनियम (३) बमोजिमको समितिले कार्यकारी निर्देशकको उपयुक्त विधिबाट छनोट गरी दुई जना उम्मेदवारको नाम प्रदेश मन्त्रिपरिषद् समक्ष सिफारिस गर्नेछ ।

(५) उपनियम (२) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको प्रदेश निजामती सेवाको कम्तीमा नवौं तहका कर्मचारीलाई निर्देशकको रुपमा कामकाज गर्न खटाउन सक्नेछ वा सङ्घीय सरकारसँग सङ्घीय निजामती सेवाको सो सरहको कुनै कर्मचारीलाई खटाईदिन अनुरोध गर्न सक्नेछ।

१४. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u>: (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) केन्द्रको कार्यकारी प्रमुख भई काम गर्ने,

(ख) सञ्चालक समिति तथा कार्यान्वयन समितिको निर्णय एवम् निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,

(ग) केन्द्रको दीर्घकालीन योजना र वार्षिक कार्यक्रम तथा बजेट तयार गरी कार्यान्वयन समितिमा पेश गर्ने,

(घ) सञ्चालक समितिबाट स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट र कार्यान्वयन समितिबाट स्वीकृत केन्द्रको दीर्घकालीन योजना कार्यान्वयन गर्ने, गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ङ) केन्द्रका प्रगति विवरणहरु समय समयमा कार्यान्वयन समिति समक्ष प्रस्तुत गर्ने, गराउने,

(च) केन्द्रको प्रशिक्षण कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने, गराउने,

(छ) केन्द्रका कर्मचारीको परिचालन, प्रशासनिक नियन्त्रण, सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने,

(ज) केन्द्रलाई प्राप्त भएको चल र अचल सम्पत्तिको संरक्षण गर्ने, गराउने,

(झ) कार्यान्वयन समितिको सदस्य सचिव भइ काम गर्ने,

(ञ) केन्द्रको आर्थिक कारोवार गर्ने गराउने, लेखा परीक्षण गराउने र वेरुजु फछ्र्यौट गराउने,

(ट) प्रत्यायोजित अधिकार कार्यान्वयन गर्ने गराउने,

(ठ) केन्द्र सम्बन्धी अन्य कार्यहरु गर्ने, गराउने।

(२) कार्यकारी निर्देशकले केन्द्रमा कार्यरत कर्मचारी तथा केन्द्रको स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विज्ञहरुसँग मापनयोग्य सूचकका आधारमा कार्यसम्पादन करार (परफर्मेन्स कन्ट्रयाक्ट) गर्नु पर्नेछ ।

१५. <u>कार्यकारी निर्देशकको पारिश्रमिक तथा सेवा शर्तहरुः</u> (१) कार्यकारी निर्देशकको पारिश्रमिक र अन्य सुविधा अनुसूची-१ बमोजिम हुनेछ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको कार्यमूल्याङ्कनको आधारमा प्रदेश सरकारले थप एक कार्यकालको लागि पुनर्नियुक्त गर्न सक्नेछ ।

तर निजको कार्य सन्तोषजनक नभएमा प्रदेश सरकारले जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) केन्द्रको कार्यकारी निर्देशकले प्रमुख सचिवसँग तोकिए बमोजिम कार्यसम्पादन करार (परफर्मेन्स कन्ट्र्याक्ट) गर्नु पर्नेछ ।

(४) केन्द्रको कार्यकारी निर्देशकको कार्य सम्पादन मूल्याङ्कन प्रमुख सचिवले गर्ने छ ।

१६. <u>कार्यकारी निर्देशक पदमुक्त तथा निलम्बन हुने अवस्थाः</u> (१) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछः

(क) निजले आफ्नो पदबाट प्रदेश सरकार समक्ष लिखित राजीनामा दिई स्वीकृत भएमा वा

(ख) निजको उमेर ६५ वर्ष पुरा भएमा वा

(ग) निजको मृत्यु भएमा वा

(घ) नियम १५ को उपनियम (३) बमोजिम प्रदेश सरकारले हटाएमा वा

(ङ) निजको पदावधि समाप्त भएमा वा

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरेमा।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम प्रदेश सरकारले कार्यकारी निर्देशकलाई निजको पदबाट हटाउनु अघि सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतमा मुद्दा चलेमा कार्यकारी निर्देशक स्वतः निलम्बन हुनेछ।

१७. <u>सङ्गठन संरचना र दरबन्दीः</u> (१) केन्द्रमा रहने दरबन्दी र सङ्गठन संरचनाको मापदण्ड प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम कायम भएको सङ्गठन संरचना र दरबन्दीमा केन्द्रको कार्यबोझ तथा उपलब्ध आर्थिक स्रोत समेतका आधारमा सञ्चालक समितिले आवश्यक परिमार्जन गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) उपनियम (२) बमोजिम परिमार्जन गरिएको सङ्गठन संरचना र दरबन्दी प्रदेश सरकारबाट स्वीकृत भएपछि लागु हुनेछ।

१८. **<u>केन्द्रका कर्मचारी सम्बन्धमाः</u>** (१) केन्द्रमा देहाय बमोजिमका कर्मचारी रहनेछनः

(क) प्रशासनिक,

(ख) प्रध्यापन तथा अनुसन्धान ।

(२) उपनियम (१) बमोजिमका कर्मचारीको पद र तह प्रदेश सरकारले तोकेबमोजिम हुनेछ ।

(३) केन्द्रका प्रशासनिक कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।

(४) केन्द्रमा प्राध्यापन वा अनुसन्धान गर्ने कर्मचारीको नियूक्ती र सेवा अवधी सञ्चालक समितिले तोकेबमोजिमको हुनेछ ।

(५) केन्द्रमा कार्यरत कर्मचारीको न्यूनतम तलबमान प्रदेश निजामती सेवाका समान तहका कर्मचारी सरह हुनेछ ।

(६) उपनियम (१) को खण्ड (ख) बमोजिमको प्रध्यापन तथा अनुसन्धानकर्ताको पदपूर्ति, पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी अन्य व्यवस्था सञ्चालक समितिको सिफारिसमा प्रदेश सरकारले तोकेबमोजिम हुनेछ ।

(७) स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गत साविक ग्रामिण विकास प्रशिक्षण केन्द्र, झापा, कलवलगुरीमा कार्यरत कर्मचारीको व्यवस्थापन नभएसम्म त्यस्ता कर्मचारीलाई केन्द्रले कामकाज गर्न खटाउने छ ।

(८) उपनियम (७) बमोजिमको कर्मचारीलाई मासिक पारिश्रमिक तथा सेवा सुविधा प्रदेश सरकारले तोकेबमोजिम केन्द्रले उपलब्ध गराउने छ र सेवा निवृत्त लगायतका अन्य सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१९. **<u>सेवा करारमा लिन सकिने</u>:** (१) वार्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विषय विज्ञ, श्रोत व्यक्ति, प्रशिक्षक, अनुशन्धानकर्ता सेवा करारमा लिन सकिनेछ।

(२) उपनियम (१) बमोजिम सेवा करारमा लिँदा विषय विज्ञहरुको सूची तयार गरी सुचीकृत विज्ञहरुमध्येबाट सेवा करारमा लिनु पर्नेछ ।

## परिच्छेद-५
## <u>केन्द्रको कोष र लेखापरीक्षण</u>

२०. **<u>कोष सम्बन्धी व्यवस्था</u>:** (१) प्रशिक्षण केन्द्रको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको रकम रहनेछ:

(क) सङ्घीय सरकारबाट प्राप्त हुने रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(ग) स्थानीय तहबाट प्राप्त हुने रकम,

(घ) स्वदेशी सरकारी तथा गैर सरकारी सङ्घ संस्थाबाट प्राप्त रकम,

(ङ) विदेशी सरकार र अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम,

(च) परामर्श सेवा, प्रशिक्षण एवम् अनुसन्धानमूलक कार्य गरे बापत प्राप्त हुने रकम,

(छ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) उपनियम (१) को खण्ड (ङ) बमोजिम विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट रकम प्राप्त गर्नु अघि प्रदेश सरकार मार्फत् नेपाल सरकारबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

(३) केन्द्रको आफ्नो उद्देश्य र कार्ययोजना अनुरुपको कार्य गर्नका लागि आवश्यक खर्च रकम उपनियम (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(४) कोषमा प्राप्त हुने सबै रकम प्रदेश भित्रको नेपाल राष्ट्रबैंकबाट इजाजत प्राप्त 'क' बर्गको बाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

२१. **कोषको सञ्चालनः** (१) कोषको सञ्चालन प्रदेश प्रशिक्षण केन्द्रको नाममा हुनेछ ।

(२) कोषको खाता सञ्चालन प्रमुख कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत कर्मचारी र प्रशिक्षण केन्द्रमा लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

२२. **कोषको खारेजीः** प्रचलित कानून बमोजिम प्रशिक्षण केन्द्र खारेज भएमा उक्त कोष स्वतः खारेज भई त्यस्तो कोषमा रहेको रकम स्वतः प्रदेश सरकारको सञ्चितकोषमा स्थानान्तरण हुनेछ।

२३. **लेखाङ्कन ढाँचाः** केन्द्रको आय व्ययको लेखाङ्कन महालेखापरीक्षकबाट प्रदेश सरकारको लागि स्वीकृत ढाँचा र लेखा प्रणालीबाट राखिनेछ।

२४. **लेखापरीक्षणः** (१) केन्द्रको कोषको आय र व्ययको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

(२) प्रदेश सरकारले चाहेमा केन्द्रको कोषको हिसाब किताब सम्बन्धी कागजात र नगदी जिन्सी समेत जुन सुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्ने छ।

(३) केन्द्रको लेखापरीक्षण सम्बन्धी अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-६
## विविध

२५. **प्रतिवेदन सम्बन्धी व्यवस्थाः** प्रशिक्षण केन्द्रले आफुले सम्पादन गरेका कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं १

२६. **<u>अधिकार प्रत्यायोजनः</u>** (१) सञ्चालक समितिले यस ऐन बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये केही अधिकार कार्यान्वयन समिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यान्वयन समितिले आफुलाई प्राप्त अधिकारमध्ये केही अधिकार कार्यकारी निर्देशक वा केन्द्रका अन्य कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **<u>प्रदेश सरकारसँग सम्बन्धः</u>** (१) प्रशिक्षण केन्द्रले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् राख्नु पर्नेछ ।

(२) प्रशिक्षण केन्द्रले समान उद्देश्य वा कार्यप्रकृतिका संस्था तथा अन्य प्रशिक्षण केन्द्रसँग आवश्यक सम्पर्क र समन्वय गर्न सक्नेछ।

तर कुनै विदेशी सरकार वा सङ्घ संस्थासँग सम्पर्क र समन्वय गर्नु पर्दा प्रदेश सरकार मार्फत् नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

२८. **<u>निर्देशिका, कार्यविधि वा विनियमावली बनाउने अधिकारः</u>** यस नियमावलीको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारको सहमतिलिई केन्द्रले आवश्यक निर्देशिका, कार्यविधि वा विनियमावली बनाउन सक्नेछ।

२९. **<u>अनुसूचीमा हेरफेर वा थपघट वा संशोधनः</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट वा संशोधन गर्न सक्नेछ ।

३०. **<u>बाधा अड्काउ फुकाउनेः</u>** यस नियमावलीको कार्यान्वयन गर्दा कुनै बाधा अड्चन देखा परेमा प्रदेश सरकारले प्रचलित कानून र यो नियमावली विपरित नहुनेगरी आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची-१
(नियम १५ को उपनियम (१) सँग सम्बन्धित)

**कार्यकारी प्रमुखको अन्य सुविधा**

| क्र.सं. | पारिश्रमिक तथा सुविधाको प्रकार | ईकाई | दर |
|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ४७,३८०।- |
| २ | आवास सुविधा | - | आवास दिने- (तर आवास उपलब्ध नभएसम्म प्रति महिना कर सहित रु. २०,०००।— उपलब्ध गराउने) |
| ३ | विजुली, धारा, टेलिफोन | प्रति महिना रु. | २,५००।- |
| ४ | सवारी इन्धन | प्रति महिना लि. | ८० |
| ५ | मोविल | त्रैमासिक लि. | ७ |
| ६ | लुगा भत्ता | वार्षिक रु. | १०,०००।- |
| ७ | चाडवाड खर्च | वार्षिक रु. | एक महिनाको पारिश्रमिक बराबरको रकम |
| ८ | यायायात सुविधा | सवारी साधन | |
| ९ | दैनिक भ्रमण भत्ता | प्रतिदिन रु. | २,०००।- |
| १० | यात्रा बिमा | - | २ लाख |
| ११ | विदेश भ्रमण भत्ता | प्रति दिन | प्रचलित कानून बमोजिम |

स्वीकृत मितिः- २०७७।०६।१८

आज्ञाले,
भरतमणी रिजाल
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १